## मिति २०७५/१०/०६ गते बसेको सिद्ध कुमाख गाउँ कार्यपालिकाको बैठकका निर्णयहरू

बैठक संख्याः ०७५/७६–१२

**निर्णय नं १**

सिद्ध कुमाख गाउँपालिकाको आ व २०७५।७६ को बार्षिक बजेट तथा कार्यक्रम संशोधनको लागि गाउँसभामा प्रस्ताव लाने सर्वसम्मत निर्णय गरियो।

**निर्णय नं २**

झोलुङ्गे पुल क्षेत्रगत कार्यक्रम अन्तरगर्त जिल्ला प्राविधिक कार्यालय सल्यान र सिद्ध कुमाख गाउँपालिकाको लागत साझेदारीमा आ व २०७४।७५ देखि निर्माणाधिन मरेसल्ला झोलुङ्गे पुलको कार्यक्रम सम्पन्न गरी समुदायलाई हस्तान्तरण सहित आवश्यक कागजात पेश गरेपछि सम्झौता पत्रमा उल्लेखित बमोजिमको रकम सिद्ध कुमाख गाउँपालिकाले व्यहोर्नु पर्ने रुकम चालु आ व को भैपरीआउने पुजिगत खर्च/समपुरक कोषमा विनियोजन भएको शिर्षकबाट साझेदारी शिर्षकमा भुक्तानी दिने सर्वसम्मत निर्णय गरियो

**निर्णय नं ३**

सिद्ध कुमाख गाउँपालिकाको वडा नं १ स्थित महेन्द्र आदर्श मा वि बाँझकाँडामा जाने बाटो सिडी निर्माणको लागि रु ९५०००।- (पन्चानब्बे हजार रूपैया मात्र) कटेन्जेन्सी शिर्षकबाट खर्च लेखी भुक्तानी दिने सर्वसम्मत निर्णय गरियो ।

**निर्णय नं ४**

सिद्ध कुमाख गाउँपालिकको आ व २०७५।७६ को स्वीकृत कार्यक्रममा अनुसार सिद्ध कुमाख गाउँपालिका वडा नं ४ मा हटारी बस्ने देखि वोहराटोल सडक योजनामा गाउँपालिकाबाट विनियोजन गरिएको रकमले योजना सम्पन्न नहुने देखिएकोले उक्त योजनामा रु ६०,०००।- (साठी हजार रूपैया मात्र) कटेन्जेन्सी शिर्षकबाट थप गर्ने सर्वसम्मत निर्णय गरियो।

**निर्णय नं ५**

सिद्ध कुमाख गाउँपालिका अन्तर्गत आ व २०७५।७६ मा उपभोक्ता समिति मार्फत संचालन हुने योजनाहरुको उपभोक्ता समिति गठन मिति २०७५ माघ मसान्त सम्म गरिसक्ने सर्वसम्मत निर्णय गरियो ।

**निर्णय नं ६**

सिद्ध कुमाख गाउँपालिकाको गाउँसभाले आ व २०७५।७६ का लागि स्वीकृत नीति तथा कार्यक्रम अनुसार यस गाउँपालिकामा संचालित तपसिलका योजनाहरु सफलता पूर्वक सम्पन्न भएकोले फरफार गर्दै भुक्तानी अनुमोदन गर्ने तथा भुक्तानी दिन बाँकी योजना तथा कार्यक्रमहरुको भुक्तानी दिने सर्वसम्मत निर्णय गरियो।

<u>तपसिल</u>

मर्मत सम्भार तर्फ

१. ढोरचौर छापडाँडा सडक अन्तर्गत मेलचौरमा पहिरो हटाउने

योजना तर्फ

१. जागृति आ  वि गेट निर्माण
२. काजिका वगर सिलाइ कुलो निर्माण योजना
३. पातेखोला खानेपानी योजना
४. राम्री शिव मन्दिर निर्माण
५. ढोरचौर बजार शिव मन्दिर निर्माण

**निर्णय नं ७**

सिद्ध कुमाख गाउँपालिकाको यान्त्रिक उपकरण संचालन कार्यविधि २०७५ सर्वसम्मत स्वीकृत गर्ने निर्णय गरियो।

**निर्णय नं ८**

सिद्ध कुमाख गाउँपालिकाको वडा नं २ सालघारी बस्ने एभान बोहरा मिति २०७५।१०।०४ गते आफ्नो छोराको विहेको निमन्त्रना दिन सोही वडाको जुगेपानी निवासी शालिकराम चलाउने घरमा गएको वेला मानसिक सन्तलुन गुमाएका निज शालिकराम चलाउनेले हतौडाले हानी एभान बोहराको हत्या गरेको र पिडकको परिवारको आर्थिक स्थिति निकै नै कम्जोर रहेकोले पोष्टमार्टम खर्च र सामाजिक परमपरा अनुसार गरिने क्रिया खर्चको लागि मृतकको परिवारलाई २५०००।-(अक्षेरुपी पच्चिस हजार मात्र) आर्थिक सहयोग प्रदान गर्ने ।

सिद्ध कुमाख गाउँपालिका वडा नं ३ गैरीकटेरी बस्ने ५१ वर्षको चम्फा बोहरा लामो समयदेखि मानसिक रोगबाट ग्रसित भएको र निजको आर्थिक अवस्था निकै कमजोर भएकोले भनि ३ नं वडा कार्यालयको सिफारिस साथ निजका दाजु श्री शिवलाल वोहराले उपचारको लागि आर्थिक सहयोग पाउँ भनि यस कार्यलयमा दिएको निवेदनको सम्बन्धमा छलफल गर्दा श्री चम्फा वोहरालाई उपचारखर्च बापत रु १०,०००।-(दस हजार मात्र) प्रदान गर्ने निर्णय गरियो।

**निर्णय नं ९**

ए के निर्माण सेवा, सिद्ध कुमाख गाउँपालिका वडा नं १ पटारेले सिद्ध कुमाख गाउँ कार्यपालिकाको कार्यालयमा घ वर्गको निर्माण व्यवसाय इजाजत पत्र पाउनको लागि दिएको निवेदन उपर गर्न छानविन गर्न गठित समितिको प्रतिवेदन अनुरार उक्त फर्मले घ वर्गको निर्माण व्यवसायी इजाजतपत्रको कार्यविधि २०७५ को अनुसचि ५ वमोजिमको आवस्यक योग्यता पुरा गरेको भनि प्रतिवेदन प्राप्त भएकोले उक्त फर्मलाई घ वर्गको इजाजतपत्र प्रदान गर्ने सर्वसम्मत निर्मण गरियो।